परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ३१ २०७७ फाल्गुण १६ गते आईतवार Sunday 28, FEB, 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## उपमेयर र वडा अध्यक्षद्वारा घर हटाउन दवाव




बिराटनगर । नेपाल सरकार को (ऐलानी) जग्गामा पुस्तौ देखि घर बनाई बस्दै आएका एक परिवारलाई बिराटनगर महानगर पालिकाको उपमेयर इन्दिरा कार्की र बिराटनगर महानगर पालिकाको वडा नं. ३ को अध्यक्ष विनोद बस्नेतले घरहटाउन धम्कीपूर्ण दवाव दिएको आरोप लगाएको छ ।

उक्त आरोप बिराटनगर महानगरपालिका वडा नं. वडा नं. ३ गोग्राह चौक (कन्या मार्ग) मा पुस्तौ देखि ऐलानी जग्गामा घरबनाई बसोवास गर्दै आएका कालिचरण राजवंशीले विराटनगरमा बुधवार पत्रकार सम्मेलन गरी बताएका हुन् ।

राजवंशीका अनुसार मेरो लगायत मेरो परिवारको नाममा कतै पनि एक धुर जग्गा छैन पुस्तौदेखि ऐलानी जग्गामा घर बनाई बसोबास गरेर जनमजदुरी गरी जीविका चलाउँदै आएका छौ । मेरा संधियार छिमेकी विनय राजवंशी र उनका परिवारले पटक-पटक घर हटाउन दवाव दिदै आएका थिए ।

सोही क्रममा वियन राजवंशीले विराटनगर महानगर पालिकामा माघ ७ गते घर हटाई पाउभनी फिरादलेको सो मैले प्रतिउत्तर माघ २५ गते पेश गरी सकेका छौ । सोही क्रममा सो क्रममा फाल्गुण १० गते महानगरपालिकाको कार्यालयमा बोलाएर उपमेयर कार्की र वडा अध्यक्ष बस्नेतले हप्की दप्की गर्दै मौखिक रुपमा दवाव दिएको पत्रकार सम्मेलनमा राजवंशीले वताए ।

राजवंशीको परिवारमा ७२ वर्षिय बुवा पन्नालाल राजवंशी दुइवर्ष देखि प्यारालाइसिस भएर ओछ्यानमा छ । बोल्न समेत सक्दैन, सानो नानानीको बुवा मेरो छोरा दुर्घटनामा परेर निधन भएपछि नातिनीका समेत पालन पोषण र १४ वर्षको छोरा अंकित समेत नवालक नै रहेको कारण लेखाई पढाई समतको बोभ्m रहेका वताउँदै राजवंशीले पत्रकार सम्मेलनमा भने नेपालको संविधान २०७२ ले प्रत्येक

वांकी अन्तिम पेजमा...

## मोरंगमा जसपा पुन:विभाजित

बिराटनगर । दुई राजनीतिक पार्टी मिलेर बनेको जनता समाजवादी पार्टी नेपाल मोरंगमा दुई समूहमा विभाजित भएवको छ ।

जनता समाजवादी पार्टी ( राजपा) समूहले मोरंगमा समायोजन घोषणा तथा सपथ ग्रहण कार्यक्रमको आयोजनागरी मोहम्मद कादिरको अधयक्षतामा जनता समाजबादी पार्टीले २ सय ५१ सदस्य जिल्ला कार्य समिति चयन गरेको छ ।

त्यसैगरी जनता समाजवादी पार्टी (जससफो) समूहले फल्गुण ११ गते मंगलवारका दिन मोरंगमा समायोजन घोषणा तथा सपथ ग्रहण कार्यक्रमको आयोजनागरी

वांकी अन्तिम पेजमा...

## तदारुकताका साथ बजार अनुगमन गर्ने : उपमेयर

हिरालाल साह

बिराटनगर । बजार अनुगमन निर्देशिका-२०७५ अनुसार बिराटनगर महानगरपालिकाका उपमेयर ईन्दिरा कार्कीले बजार अनुगमनलाई तदारुकताका साथ लागु गर्ने बताएको छ ।

उक्त कुरा महानगरपालिकाले विहीवार सरोकारवाला कार्यालयका प्रमुख, उपभोक्तावादी संघ संस्थाका प्रतिनिधी, पत्रकारहरु बीच भएको अन्तरक्रिया कार्यक्रममा बताएका हो ।

उपमेयर कार्कीले बजार अनुगमन प्रभावकारी बनाउन साना व्यापारी, महिला गृहिणी , बडाका जनप्रतिनिधि तथा नागरिक समाजका अगुवा कार्यकर्ता तथा सम्बन्धित सरोकारवालाहरुलाई अभिमुखिकरण तालिमका लागि अगामी आर्थिक वर्षमा बडा स्तरमै बजेट छुट्याउने प्रतिवद्धता गरेको छ ।

महानगरपालिकाले स्थानीय राजपत्रमा २०७५ असार २० गते नै बजार अनुगमन निर्देशिका-२०७५ निर्देशिका प्रकाशित गरेको थियो । कोभिड महामारीको कारण अनुगमनका सुस्तता आएको र जनताको गुनोसाहरु कारण करिब ढाई बर्ष पछि महानगरले अनुगमनमा सकृयता बढाउने प्रतिबद्धता जनाएको छ ।

स्थानीय ऐन अनुसार महानगरपालिकाहरुले स्थानीय बजार प्रबर्द्धन गर्न बजार अनुगमन गर्न सक्ने र आफ्नो ल्याब राख्न सक्ने प्रावधान रहेको छ ।

छलफलका क्रममा बाणिज्य कार्यालयका प्रमुख सन्तोष पोखरेलले स्थानीय तहसित सहकार्य गर्न नसकेको कमजोरी स्विकार्दै आगामी दिनमा साझा प्रयास गर्ने बताए । पोखरेलले कार्यालयमा पर्याप्त कर्मचारी नभएकोले अनुगमन कार्य प्रभावकारी

वांकी अन्तिम पेजमा...

## सुनसरीको तालतलैयामा पूर्वकै सबभन्दा ठूलो वाटर पार्क

राजेश कुमार राजवंशी

विराटनगर । सुनसरी जिल्लाको इटहरी उपमहानगर पालिका वडा नं. २ मा रहेको तालतलैयामा पूर्वकै सबैभन्दा ठूला इपी ल्यान्ड एन्ड वाटर पार्क निर्माण गरिएको छ ।

संसारको प्राय सबै ठुलो सहरहरुमा मनोरञ्जनका लागि सरकारको लगानीमा पार्क निर्माण गरिएको हुन्छ । तर नेपालको मुख्य सहरहरुमा समेत पार्कको कमी रहेको महसुस गर्दै निजी लगानीमा इपी ल्यान्ड एन्ड वाटर पार्क निर्माण गरिएको छ ।

उक्त पार्क ६ बिघा छेत्रफलमा पार्क सन्चालनमा ल्याएको छ । वाटर पार्कमा पानीसंग खेल्ने अत्याधुनिक ८ वटा वाटर सलाइट राखिएका छन । एक सलाइटमा एकै पटक आठ जना मानिसहरु खेल्न सकिन्छ । इपी ल्यान्ड एन्ड वाटर पार्कमा दिन भरिमा पाँच हजार जनाले अवलोकन गर्न सकिन्छ ।

सोपार्कमा पुल वेभ पुलमा ६ सय जना अट्ने गरि राखिएको छ । पार्कको पुलमा बसे पछि समुद्रको छालमा बसेको आनन्द लिन सकिन्छ । पार्क भित्र बोटिङ गर्दै डाइनोसर प्रजातिका जनावरको अवलोकन गर्न सकिन्छ ।

पार्कमा जिप लाइन टावरमा एक टावर देखि अर्को टावर सम्म डोरिमा चिप्लिएर खेल खेल्न बाल क्लाइम्बिङ हिउँबाट आनन्द लिने वाटर पार्क ल्याएको छ । पार्क भित्र रेस्टुरेन्ट, बबै क्यु, लन्च वा डिनरका लागि फाइन डाइनिङ हुने छ । फास्ट फुटका लागि अर्को रेस्टुरेन्ट ईन्डियन फुटकोर्ट र आइस्क्रीमको पनि पारलर रहनेछ ।

वाटर पार्कमा भारतका विभिन्न स्थानबाट दैनिक एक हजार मानिसहरु पार्कमा आउने लक्ष्य लिएको छ । तीस करोडकोआफनै लगानीमा इपी वाटर पार्क निर्माण गरिएको छ । सरकार बाट विद्युत शुल्क तिर्ने कुरा भइरहेको वाटर पार्कको संचालक जगतबहादुर बस्नेतले जानकारी गराउनु भयो ।

पार्कका पुर्व एआइजी कृष्ण बस्नेत, पुर्व डिआइजी ज्ञान बिक्रम साह, इटहरी उद्योग वाणिज्य संघ को अध्यक्ष भिमबहादुर पौडेल र काठमाडौ वि पि ल्यान्ड एम्युजमेनट वाटर पार्कका संचालक जगतबहादुर बस्नेतको संयुत लगानीमा इपी ल्यान्ड एन्ड वाटर पार्क सन्चालनमा ल्याएको छ ।

वाटर पार्कको सम्पुर्ण निर्माण कार्य २०७६ साल चैत मसान्तमै भई सकेको थियो । कोभीड १९ को कारण पार्क संचालनमा ल्याउन सकेको थिएन । इपी ल्यान्ड एन्ड वाटर पार्क विधिगत उद्घान यही फाल्गुन १७ गते संस्कृति पर्यटन तथा नागरिक उडायन मन्त्री भानुभक्त ढकालले गर्ने भएको छ । सा कुरा वाटर पार्कको अध्यक्ष भिमबहादुर पौडेल जानकारी गराएका थिए ।

नेपाल सरकार स्वास्थ्य मन्त्रालय द्वारा प्रमाणितदुईबालबालिका चिन्हभएको आयोडिनयुक्त नुन नै प्रयोग गरौं ।



आयोडिन मन्थ सफल पारौं

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
अञ्चल कार्यालय विराटनगर

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## प्रधानमन्त्री..

प्रचण्ड-नेपालले झैं ओलीले पनि कांग्रेस सभापति देउवासँग कुरा गरिरहेका छन्। दुवै पक्षले उनीसँग सहयोग मागिरहेका छन्। के सहयोग भन्ने अहिलेसम्म प्रस्ट छैन ।

अगाडिको राजनीतिक कोर्सबारे ओली र प्रचण्ड-नेपाल नै अहिलेसम्म टुंगोमा पुगेका छैनन्। कांग्रेसभित्र पनि अगाडि कसरी जाने भन्ने टुंगो छैन । कांग्रेसका एक नेताले भने, 'भोलिका दिनमा एउटा विषयमा भने कांग्रेस र ओलीको स्वार्थ मिल्न सक्छ ।'

उनका अनुसार ओलीले पार्टी फुटाएर देउवा-ओली मिलेर मुलुकलाई छ महिनाभित्र चुनावमा लैजाने गरी सरकार निर्माण गर्न सक्छन् ।

'देउवा-ओलीले मिलेर बहुमतको सरकार गठन गर्ने र केही महिनापछि राजीनामा गर्ने, त्यसपछि अर्को बहुमतको सरकार बन्न सक्दैन,' उनले भने, 'प्रक्रिया पुर्‍याएर संविधानको धारा ७६ (७) अन्तर्गत संसद विघटन गर्ने र मुलुकलाई चुनावमा लैजाने ।'

त्यसो गर्दा चुनावमा जाने ओली र देउवा दुवैको स्वार्थ पूरा हुने र ओलीले नैतिक रूपले जितेँ भन्ने ठाउँ पाउने उनले तर्क गरे ।

## उपमेयर...

नागरिकलाई उपयुक्त आवासको हक हुन प्रत्याभुति गराएपनि त्यसको व्यवस्थापन गर्नुको सट्टा छिमेकी लगायत अहिले आएर जनप्रतिनिधीले नै घर हटाउन धम्कीपूण भाषामा मौखिक दवाव दिई ठूलो अन्याय गरेकोले पत्रकार सम्मेलन गर्न बाध्य भएको वहांको भनाई थियो ।

भूमि व्यवस्था आयोगले भुमिहीन सुकुमवासी र अव्यवस्थीत बसोवास भएकाहरुलाई जग्गा उपलब्ध गराउने नियम भएकोले एउटा परिवारको स्वार्थ पुर्तिको लागि जनप्रतिनिधीले मेरो घर हटाउन दवाव दिनु भन्दा पनि नेपाल सरकारलाई उक्त जग्गा आवश्य भए मलाई अर्कै ठाउँमा जग्गा उपलब्ध गराई घर निर्माणको समेत खर्च उपलब्ध गराई दिनुको सट्टा उठिबास गर्न लागेको हुनाले उठिबास हुनबाट जोगाई दिन पत्रकार सम्मेलन मार्फत राजवंशीले आग्रह गरेका थिए ।

## मोरंगमा...

मोहम्मद कादिरको अधयक्षतामा जनता समाजबादी पार्टीले २ सय ५१ सदस्य जिल्ला कार्य समिति चयन गरेको थियो ।

मोरंग जिल्लामा दुवै पार्टीको समायोजन गरी राजपा समूहले जिल्ला वा महानगर आफ्नो हुनुपर्ने अडान राख्दै नयाँ समुहको भेला गरी संघिय समाजवादी फोरम नेपाल समूहलाई काउन्टर दिदै जनता समाजवादी पार्टी नेपालका नेताहरुले जिल्ला कार्यसमिति घोषणा गरेको हो ।

राजपा समूहको भेलाको प्रमुख अतिथी केन्द्रिय नेता डा. सुरेन्द्र कुमार झा रहेका थिए भने केन्द्रिय नेता अमरेन्द्र साहको अध्यक्षतामा भएको थियो ।

## तदारुकता..

नदेखिएको स्विकार्दै हाम्रो टार्जेट अनुसार कार्यालयले काम गरिरहेको जानकारी गराएका थिए ।

कार्यक्रममा नियामक निकाय बाणिज्य कार्यालय, खाद्य तथा गुणस्तर कार्यालयका प्रमुख, घरेलु उद्योग कार्यालयका प्रमुख, सहायक प्रमुख जिल्ला अधिकार, औषधी व्यवस्था विभाग बिराटनगरका प्रमुख, नापतौल कार्यालयका प्रतिनिधिहरुको साथै सरेकारकावाला उपभोक्ता मधेशी उपभोक्ता मंच, पब्लिक फोरम, व्यापार संघ, उद्योग संघ, नागरिक समाज, पत्रकार आदि संघ संगठनका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

## मानव...

बेला उद्योगी व्यापारीले उत्पादन मिति समाप्त भैसकेको बस्तुमा पुन : नयाँ स्टिकर राखेर उपभोक्तालाई ठगेको, बिदेशमा कामदार महिलाका अधिकारहरुका बारेमा मानव अधिकारको पालना नभएको बताएका छन् ।

मानव अधिकार आयोगका सदस्य ठाकुरले देशमा हालको मानव अधिकारको स्थितिबारे बुझ्ने सन्दर्भमा विभिन्न पेशागत संघ संगठन बिच समस्या पहिचान साथै जनताको माझ मानवअधिकार पहुँचको स्थिति बारेमा सरोकार वालाहरु बिच छलफल भएको छ ।

ओली सरकारले हालै मात्र संवैधानिक आयोगहरुको नियुक्तिको क्रममा ५ सदस्यीय समिति गठन भएको छ । ओलि सरकारले गरेको नियुक्तिहरुको बिरुद्ध सर्बोच्चमा खारेजीको रिट पनि परेको छ ।

सो कार्यक्रममा कानुनविद, एनजीओ कर्मी, नागरिक समाज, बुद्धिजीवी, उपभोक्ता मंच, विभिन्न पेसागत संगठन, पत्रकारहरुको उपस्थिति रहेको थियो भने राष्ट्रिय मानवअधिकार आयोग प्रदेश १ का कार्यालय प्रमुख नितु गडतौलाको उपस्थितिमा सम्पन्न भएको थियो ।

# भारतीय रुपियाँ सहित एक जना पक्राउ



विराटनगर । भारतको अररिया थाना नरपथगंज पोस्ट तलासी वडा नं. १० का ३४ बर्षीय संजय सिंहलाई ठुलो परिमाणमा भारतिय रुपैया सहित पक्राउ गरिएको छ ।

बिहीबार बेलुको बिराटनगर महानगर पालिका वडा नं. १७ मटेरुवा स्थितमा अस्थायी प्रहरी चौकी मटेरुवाबाट खटिएको प्रहरी टोलीले भारतबाट लुकी छिपी नेपालतर्फ आउदै गरेका संजय सिंहको साथबाट भारतिय रुपैया बरामद गरिएको थियो ।

बरामद भएको भारतीय रुपिया रु ५ सय दरको नोट ३८८ थान, २ हजार दरको २६ थान नोट गरि जम्मा भारतिय रुपैया २ लाख ४६ हजार सहित नियन्त्रण लिएको ईलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

श्रोत नखुलेको उक्त परिणामको रकम सहित पक्राउ परेका सिंहको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको तथा अन्य अनुसन्धानको लागी भन्सार कार्यालय बिराटनगर मा बुझाएको थियो ।

लैगिक हिंसा अन्त्यको प्रतिवद्धता :
व्यक्ति, समाज र सबैको ऐक्यवद्धता

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग



जनता समाजवादी पार्टीको (कादिर) समूहले सपथग्रहण कार्यक्रमलाई समुद्घाटन गर्दै ।




अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश ug|{f ; fy}xfn 9f8 t yf gzf /f]u, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरबीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याव सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### सर्वोच्चको फैसला जनताको पक्षमा

नेपाल सरकारको प्रधान मन्त्री केपी शर्मा ओलीले पुस ५ गते गरेको असंवैधानिक प्रतिनिधी सभा विघटनले देशमा भेला, आमसभा, जुलुस दिनहुँ भई रहेको थियो । सबै राजनीतिक दल, नागरिक समाज, मानव अधिका वादी संघ संगठनहरुले सर्वौच्चको फैसलालाई कुरी रहेका थिए । सर्वौच्च अदालतका फैसलाले प्रतिनिधिसभा पुन:स्थापनासँगै संसदीय प्रणालीको अस्थिरता अन्त्य भएको छ । २०४७ को संविधानकालमा मौलाएका तमाम संसदीय विकृतिलाई निस्तेज पार्न यसले मद्दत पुऱ्याउने आम नागरिकले अनुमान गरिएको छ । त्यसभन्दा ठूलो कुरा शक्तिशाली नेकपाका विभाजन-उद्यत शीर्ष नेताहरूलाई मूलघर जोगाउन सावधान गराएको छ । दुइ ध्रुवमा पुगेका नेकपाको खेमाको लागि यो फैसलाले कडा चेतावनी दिएको छ । एउटा काहवत छ घर फूटे गवार लुटे अहिले नेकपामा त्यस्तै भएको घरलाई फोडेर दुवै अर्काको घरमा गएर प्रधानमन्त्री बनिदिनु पऱ्यो भनेर भिख मागी रहेका छन् ।

प्रतिनिधिसभा विघटनसँगै राजनीति फोहरी खेलमा बदलेको थियो । नेताहरुले एक अर्काप्रति व्यांग गर्दै गाली गलौचमा उत्रेका थिए । एकले अर्कोलाई हेर्न सक्दैन्थे । तुक्ष र विषाक्त गाली पुरानले आम नागरिकलाई लज्यावोध गराउका थिए । सर्वौच्चको फैसलाले पनि प्रधान मन्त्री ओलीको चेत खेलेको छैन । केपी ओली समूह र प्रचण्ड माधव समूहले पार्टी पनि फुटाउन चाहेका छैन आखिर दुबै पार्टीले आम नेपाली जनतामा के सन्देश दिन चाहेको छ । संविधान नेपाली जनताको प्रतिनिधीले वनाएको थियो । जनताको संविधानको रक्षा सर्वोच्च अदालतले गरेपछि केही दिन देखि देशमा शान्ति अमन चैन देखिएता पनि ती दुई समूह बीच अहिले पनि जनतालाई दु:ख दिने निती देखिएको छ ।

सवौच्चको फैसला आएपछि नेकपा एक ठाउँमा बस्ने हो बसोस अन्यथा अर्को पार्टी बनाएर देशलाई समाधान दिनुपर्छ । चुनाव भनेको चुनाव चिन्ह र झण्डाले जित्ने होईन पार्टीको घोषणापत्र, पार्टीको नीति, पार्टीले दिने उम्मेदवारको व्यक्तित्व, उम्मेदवारको आचरणले पार्टीलाई जिताउँछ । त्यसैले निर्वाचन कार्यालयले पनि विवादीत झण्डा र चुनाव चिन्हलाई फ्रिज गरेर नयां दल दर्ता गर्न दुवैलाई आह्वान गर्नु पछ । पार्टी भित्रको गुटलाई निर्वाचन कार्यालयको निर्णयले एउटा नर्या दिशा दिन्छ । यही वेलामा राजनीतिक दलहरुले पनि यूवा पुस्तालाई जिम्मेवारी हस्तान्तरण गर्नु पर्छ र यूवा पुस्ताले जिम्मेवारी पूर्वक देशमा विकास र समृद्धि ल्याएर देखाउने अवसर पनि हो । त्यसै झै-झगडा नगरौ यूवा पुस्तालाई अवसर दिउँ र देश विकासमा सबै जुटौऔ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# प्रधानमन्त्री ओलीले खतरा मोलेर संसदीय दल-संसद फेस गर्छन वा अर्को पार्टी खोल्छन ?



अमित ढकाल

प्रधानमन्त्री केपी शर्मा ओलीलाई फागुन २४ सम्ममा संसद अधिवेशन बोलाइसक्नुपर्ने बाध्यात्मक अवस्था छ। अदालतले त्यसका लागि परमादेश नै जारी गरेकाले उनले संसद अधिवेशन टार्न सक्ने छैनन् ।

प्रधानमन्त्री ओलीले राजीनामा नदिने र संसद 'फेस' गर्ने बताइसकेका छन्। तर अधिवेशन सुरू हुनुअघि अध्यादेश ल्याएर आफ्नो नेतृत्वमा नयाँ दल गठन गर्ने वा नेकपा अध्यक्षकै रूपमा संसदमा उपस्थित हुने, त्यसको अन्तिम टुंगो उनले गरिसकेका छैनन् ।

ओलीले नयाँ दल गठन गरे भने मुलुकको राजनीति एउटा 'कोर्स' मा जान्छ। त्यसपछि संसदमा तीनवटा ठूला पार्टी हुनेछन्। तीमध्ये दुई पार्टी मिल्दा बहुमतको सरकार बन्नेछ ।

प्रधानमन्त्रीले नयाँ पार्टी दर्ता गरेनन् र नेकपा नेताकै रूपमा संसद फेस गर्न चाहे भने त्यसपछि निर्णय गर्ने पालो प्रचण्ड-नेपाल खेमाको हुनेछ। त्यो बेला प्रचण्ड-नेपाल खेमासँग तीनवटा विकल्प रहनेछन् ।

पहिलो, प्रधानमन्त्री ओलीसँग सम्झौता गरेर नेकपामा एकता कायम गर्ने ।

दोस्रो, उनलाई संसदीय दलको नेताबाट हटाउने ।

तेस्रो, संसदमा अविश्वास प्रस्ताव ल्याएर ओलीलाई प्रधानमन्त्रीबाट अपदस्थ गर्ने ।

अहिले पहिलो विकल्पमा जाने सम्भावना नरहेको दुवै पक्षका नेताहरू बताउँछन्। दोस्रो विकल्पको कुरा गर्नुअघि तेस्रो विकल्पको कुरा गरौं।

आफ्नो दलको नेता तथा बहुमतप्राप्त प्रधानमन्त्रीलाई संसदीय दलको नेताबाट नहटाई संसदमा विपक्षीसँग मिलेर अविश्वास प्रस्तावमार्फत हटाउन खोज्नु राजनीतिक इमानका हिसाबले जायज हुन्न। त्यसैले, सिधै तेस्रो विकल्पमा जान प्रचण्ड-नेपाल समूहलाई नैतिक समस्या छ । त्यसबाहेक यसमा कानुनी जटिलताहरू पनि छन् ।

अविश्वास प्रस्ताव दर्ता गर्दा प्रधानमन्त्रीको नाम पनि पेस गर्नुपर्छ। पुष्पकमल दाहाल 'प्रचण्ड' वा माधवकुमार नेपाललाई प्रधानमन्त्रीका रूपमा स्वीकार गरेर ओलीलाई हटाउन नेपाली कांग्रेस तयार हुन्छ वा हुन्न ?

कांग्रेस सभापति शेरबहादुर देउवालाई अर्को प्रधानमन्त्रीका रूपमा नाम प्रस्ताव गरेर प्रचण्ड-नेपाल समूहले अविश्वास प्रस्ताव दर्ता गर्न मिल्छ वा मिल्दैन ?

प्रचण्ड-नेपाल समूहसँगको सहमतिमा कांग्रेस पार्टीले आफ्नै सभापतिलाई प्रधानमन्त्री प्रस्ताव गरेर अविश्वास प्रस्ताव दर्ता गर्न पनि सक्छ । त्यो बेला संसदीय दलको नेताका रूपमा प्रधानमन्त्री ओलीले नेकपा सांसदलाई अविश्वास प्रस्तावका विपक्षमा भोट हाल्न ह्विप जारी गर्न सक्छन्। ह्विप नमान्ने सांसदको पद खोसिनसक्ने प्रावधान राजनीतिक दलसम्बन्धी कानुनमा छ। तर त्यस्तो कारबाही केन्द्रीय कमिटीले गर्नुपर्छ। केन्द्रीय कमिटीमा ओली पक्षको बहुमत नभएकाले सांसदहरूलाई कारबाही गर्न उनले सक्दैनन् ।

ओली पक्षका कतिपय नेताले यो प्रक्रियाबाट देउवा प्रधानमन्त्री नियुक्त हुन नसक्ने तर्क गरेका छन् ।

नेकपा नफुटेको अवस्थामा प्रचण्ड-नेपालको समर्थनमा देउवा संविधानको कुन धाराअनुसार प्रधानमन्त्री बन्छन् भन्ने उनीहरूको प्रश्न छ। संविधानको धारा ७६ (१) अनुसार बहुमतको सरकार बन्छ र ७६ (२) अनुसार दुई वा दुईभन्दा धेरै दलको सरकार बन्छ। नेकपा नफुटी देउवा कसरी ७६ (२) अनुसार प्रधानमन्त्री बन्न सक्छन् भन्ने उनीहरू प्रश्न गर्छन् ।

तर अविश्वास प्रस्ताव दर्ता गर्दा प्रधानमन्त्रीका लागि प्रस्तावित व्यक्तिलाई राष्ट्रपतिले नियुक्त गर्नुपर्ने स्पष्ट व्यवस्था धारा १०० (७) मा छ। त्यसरी नियुक्त व्यक्तिले एक महिनाभित्र संसदमा विश्वासको मत लिनुपर्नेछ। प्रचण्ड-नेपाल समूहको समर्थनमा देउवाले विश्वासको मत लिन सक्नेछन् ।

संसदमा अविश्वासको मतबाट ओलीलाई बर्खास्त गर्नेभन्दा संसदीय दलको नेताबाट हटाउनु प्रचण्ड-नेपालका लागि छोटो र नैतिक बाटो हुन सक्छ। त्यसैले उनीहरू त्यो विकल्पमा जान सक्छन् ।

के यो बाटो चुनौतीरहित छ ?

अवश्य छैन ।

यसमा ठूलो राजनीतिक र केही मात्रामा विधानको चुनौती छ ।

संसदीय दलमा आजका दिनसम्म ओली र प्रचण्ड-नेपाल पक्षबीच संख्याको ठूलो अन्तर छैन। दुवै पक्षका आ-आफ्ना दाबी छन्। प्रचण्ड-नेपालसँग ओलीभन्दा धेरैमा पाँचदेखि दस जना बढी सांसद छन् भन्ने अनुमान छ ।

संसदीय दलभित्रको प्रतिस्पर्धाले ओलीको भविष्य निर्धारण हुने भयो भने उनले बहुमत पुऱ्याउन भरमग्दुर प्रयास गर्ने छन्। यो अवस्थामा साम-दाम सबै प्रयोग हुनेछ। तानातानको खेलमा सत्तामा बसेको मानिससँगै स्रोत र सामर्थ्य बढी हुने गर्छ ।

प्रधानमन्त्री ओलीले नचाहिकन संसदीय दलको बैठक नै बस्न नसक्ने ओली पक्षको तर्क छ। संसदीय दलको बैठक दलका उपनेताले बोलाउने व्यवस्था विधानमा छ। नेकपा संसदीय दलका उपनेता सुवास नेम्वाङ हुन्। उनले नबोलाई बसेको बैठक अवैधानिक हुने तर्क ओली पक्षको छ ।

यो राजनीतिक नभएर प्राविधिक तर्क हुनसक्छ। बहुमत सांसदले चाहेमा उपनेताकै कारण बैठक बस्न नसक्ने प्रावधान लोकतान्त्रिक व्यवस्था होइन। प्रचण्ड-नेपाल पक्षका एक नेताले बहुमतले संसदीय दलबाट ओलीलाई हटाएर सिधै राष्ट्रपतिलाई सूचना दिन सकिने बताए। ओली पक्षले संसदीय दलको त्यस्तो निर्णयलाई चुनौती दिँदै अदालत जान सक्छ ।

त्यसले प्रधानमन्त्री ओलीको राजनीतिक भविष्य अदालतका हातमा पुऱ्याउनेछ। उनका लागि मुख्य खतरा नै त्यही हो ।

पार्टीको केन्द्रीय कमिटीले ओलीलाई साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको छ। त्यो निर्णय निर्वाचन आयोगमा पठाए पनि आयोगले निर्णय गरिसकेको छैन। संसदीय दलको मुद्दा अदालत पुग्यो भने पार्टीबाट ओलीलाई निष्कासन गरेको मुद्दा पनि ढिलोचाँडो अदालतमा पुग्ने सम्भावना छ ।

ओलीको राजनीतिक जीवन जोगिन यी दुवै मुद्दामा उनले अदालतबाट जित्नुपर्ने हुन्छ। आफ्नो राजनीतिक भविष्य न्यायाधीशहरूको हातमा छाड्ने खतरा उनले मोल्लान् ?

केही गरी अदालतले हरायो भने ?

दुवै मुद्दा उनले हारे भने ओलीको सांसद पद पनि रहन्न। पार्टीले साधारण सदस्यबाट निष्कासन गरेपछि सांसद पद पनि नरहने व्यवस्था राजनीतिक दलसम्बन्धी कानुनमा छ। त्यति मात्र होइन, संसद चलिरहेको अवस्थामा नेकपा फुटाएर नयाँ पार्टी बनाउने संख्या पनि उनीसँग पुग्दैन ।

त्योभन्दा सुरक्षित बाटो संसद चालू हुनुभन्दा पहिले नै राष्ट्रपतिबाट अध्यादेश जारी गराएर नयाँ पार्टी खोल्नु हो। तर त्यसो गर्दा उनले सूर्य चिह्न र नेकपा छाड्नुपर्छ। प्रधानमन्त्री ओलीको अहिलेको दुबिधा त्यही हो। उनले अन्तिम निर्णय गर्न नसकेकाले नै बिहीबारका लागि बोलाइएको आफ्नो समूहको स्थायी कमिटी बैठक सारेका छन् ।

वांकी अन्तिम पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# ब्राउनसुगर र ट्याब्लेट सहित सात जना पक्राउ

सुनसरी। लागुऔषध ब्राउन सुगर सहित विभिन्न स्थानबाट प्रहरीले ७ जनालाई पक्राउ गरेका छन्।

सुनसरीको धरान उप-महानगरपालिकाका बिभिन्न स्थानबाट सोमबार लागुऔषध ब्राउनसुगर र ट्याब्लेट सहित ७ जना पक्राउ परेको हो। लागुऔषध ब्राउनसुगर र ट्याब्लेटको ओसार-पसार तथा बिक्री बितरण भईरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले तीनीहरुलाई पक्राउ गरेको थियो।













पक्राउ पर्नेमा धरान उपमहा नगर पालिका वडा नं. ३ का ३० बर्षीय बिनय तामाङ, २५ बर्षीय उत्सव श्रेष्ठ र ३० बर्षीय उमेश श्रेष्ठलाई ५ ग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको हो।

त्यसैगरी धरान उपमहानगर पालिका वडा नं. १३ का २६ बर्षीय ओम प्रकाश कार्कीलाई १ ग्राम ६०० मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ परेका छन्। लागु औषध सहित धरान उपमहानगर पालिका वडा नं. १५ का ४० बर्षीय कृष्ण थापामगर १ ग्राम ८०० मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ परेका छन्।

धरान उपमहानगर पालिका वडा नं. ८ का ४५ बर्षीय यज्ञ बहादुर खड्का र आकाश श्रेष्ठ लागुऔषध ट्याब्लेट सहित पक्राउ परेका छन्। आफ्नै घरकोठाबाट लागुऔषधको कारोवार भईरहेको भन्ने सूचनाको आधारमा खटिएको प्रहरी टोलीले १०० एम एलको डाईलक्स् डि.सी. ४ बोतल, नाईट्रोजन १ सय ६५ ट्याब्लेट र एसपामो प्रोक्सभोन ७२ क्याप्सुल सहित पक्राउ परेका हुन्।

पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ।

# फरार प्रतिवादी पक्राउ

तेह्रथुम। श्रीमतीको हत्या गरी फरार रहेका छथर गाउँपालिका वडा नं. १ का ५२ बर्षीय तेन्जे शेर्पालाई प्रहरीले पक्राउ गरेको छ।

फागुन ३ गते सोमबार सामान्य घरायशी बादबिबादको बिषयलाई लिएर भै-भगडा हुँदा कुटपिट गरेर ५६ बर्षीया श्रीमती छिरिङ डोमा शेर्पाको हत्या गरी फरार रहेका शेर्पालाई जिल्ला प्रहरी कार्यालय तेह्रथुमबाट खटिएको प्रहरी टोलीले फागुन ९ गते भापाको काकडभिट्टाबाट पक्राउ गरेको हो।

पक्राउ परेका शेर्पाको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ।

# हत्याको आरोपमा श्रीमान पक्राउ

भापा। भापाको दमक नगरपालिका वडा नं. ३ भुटानी शरणार्थी शिविर सेक्टर डि.४ छाप्रा नम्बर ३९ का ५५ बर्षीय सरे राई श्रीमतीको हत्या गरेको आरोपमा पक्राउ परेको छ।

राईले मादक पदार्थ सेवन गरी ४९ बर्षीया श्रीमती बिष्णु माया तामाङ राईलाई कुटपिट गरी घटनास्थलमा नै हत्या गरेको भन्ने सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका वडा नं. २ बाट राईलाई पक्राउ गरेको हो।

श्रीमतीको हत्याको आरोपमा पक्राउ परेका राईको सम्बन्धमा थप अनुसन्धान भई रहेको ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ।

# लागुऔषध सहित चार जना पक्राउ

मोरङ, फागुन-१० गते। मोरङ कटहरी गाउँपालिका वडा नं. २ का ३३ बर्षीय धनिराम चौधरी, ३७ बर्षीय मनराज शेख र २३ बर्षीय कैलाश मण्डल लागुऔषध खैरो हिरोईन सहित पक्राउ परेका छन्।

कटहरी गाँउपालिका वडा नं. ४ स्थित चमराही चौकबाट लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले प्लास्टिकले बेरीएको अवस्थामा खैरो हिरोईन ८ ग्राम र डिजिटल काटा थान १ सहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

त्यस्तै सिराहा मिर्चैया नगरपालिका वडा नं. ६ बस्ने २८ बर्षीय ब्रमदेव यादव लागुऔषध डाइलेक्स डिसी सहित पक्राउ परेका छन् र यादवलाई स ८ प ४५३७ नम्बरको मोटरसाईकलमा मिर्चैयाबाट कटारी जादै गरेको अवस्थामा कटारी नगरपालीका वडा नं. १ चुरे स्थित जंगलमा प्रहरी टोलीले चेकजाँच गर्दा डाईलेक्स डिसी थान-२७ सहित पक्राउ गरेको ईलाका प्रहरी कार्यालय कटारीले जनाएको छ।

# राजनीतिक कोर्स परिवर्तन गर्ने ओलीको रणनीति

उपेन्द्र भा

नेपालको राजनीतिक कोर्स परिवर्तन गर्ने निर्देशित योजना अनुसार नै नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्र तनाव बढाएर विभिन्न बहानामा पौष ५ गते संसद विघटन गरी सडक संघर्षलाई जन्म दिएको प्रवुद्धवर्गको आँकलन छ।

एमाले र माओवादी दुई विपरीत धारको पार्टीलाई एकीकरण गर्ने क्षमता राख्ने केपी शर्मा ओलीले पार्टीभित्र उठेका सामान्य अन्तविरोधलाई साम्य पार्न सक्दैनथ्यो ? आफूले नरुचाएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई परिवर्तन गर्ने शक्ति केन्द्रसँग कुरा मिलेपछि कसैलाई केही नसोधी वर्तमान राजनैतिक प्रणालीलाई समाप्त गरि नयाँ संविधान बनाउने वातावरणको खोजी गर्न नियम कानूनलाई कुल्चेर पनि संसद विघटन गरी अर्को राजनैतिक अवस्था सिर्जना गरि दिएको हो।

जनताबाट असीम शक्ति पाएर जनप्रतिनिधी सरकारभन्दा शासकको रुपमा स्थापित हुने ओलीको निरंकूश सामन्ती संस्कार पूर्वदेखि देखिँदै आएको हो। जीवनको अन्तिम समयमा केही नयाँ कुरा गरेर गएपछि अनौठो इतिहास बनाउने उनको चाहना रहेको छ।

आफ्नो सहकर्मी होस् कि सेवा निवृत सम्माननीय प्रधान न्यायाधीशहरु, वरिष्ठ पत्रकार होस् कि राजनैतिक विश्लेषक, राजनैतिक दलहरु होस् कि प्रवुद्धवर्ग, आफ्नो कदमलाई असंवैधानिक भन्ने जो कोहीलाई तल्लो स्थरको राजनैतिक गाली दिने घोचपेच गर्ने, अपमान गर्ने, धम्काउने प्रधानमन्त्रीको क्रियाकलाप राजनीतिलाई गलत दिशातिर लैजाने सबैले संदेह गर्न लागेको हो।

प्रधान न्यायाधीश जस्तो गरिमामय पदको अनुभव प्राप्त गरेका सम्माननीय व्यक्तिहरुलाई सर्वोच्च अदालतमा जागिर खाएको भरमा धेरै बुझ्ने जस्ता अपमानजनक शब्दहरु प्रयोग गर्नु, प्रचण्ड-नेपाल गुटलाई "चुनाव १० वटा सीट ल्याएर देखाउन" चुनौती दिनु, सबैलाई अपमान, तिरष्कार तथा घोचपेच गरी आन्दोलन उठाउने केपी शर्मा ओलीको तीव्र-चाहना अब विस्तारै सतहमा आउन थालेको हो।

कानून जान्ने बुझ्ने, सूक्ष्मभेदी राजनैतिक दाव बुझ्ने समाजका हरेक तब्का प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटनको कदमलाई, मन्त्री परिषदको विस्तारलाई तथा संवैधानिक आयोगको पदपूर्ति आदिलाई असंवैधानिक भन्दै विरोधमा उत्रेका छन्। ओलीको कदमलाई सही ठहऱ्याउने अन्धभक्तको पनि कमी छैन।

राणा शासनको "मुखे कानून" किम्वदन्तीको केपमा बुढापाकाहरु को मुखबाट सुन्थे, आज प्रत्यक्ष ओलीको शासनकालमा हेर्न पाईयो। नेपालको राजनीति नेपाली काँग्रेस र नेकपाको लागि खल्तीमा रहेको "पान सुपारी" हो, जतिबेला पनि चपाउन मिल्छ। किनभने राजनीति यी दुई पार्टीको कब्जाबाट मुक्त हुन नसकेकोले यस्ता घटनाहरु स्वाभाविक रुपमा घटि रहने हो।

आन्दोलन प्रतिको सोच

१) नेकपा प्रचण्ड-नेपाल समूहले जनताको भीषण आन्दोलनबाट आलीलाई अपदस्थ गराएर "संघीय लोकतान्त्रिक गणतन्त्र" को रक्षा गर्ने चाहनाका साथ आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ। नेकपाको समग्र कार्यकर्तामाभ "रुनु न हास्नु" को अवस्था छ। नेकपा (माओवादी) र एमालेबीच भएको एकीकरणपछि अहिले भएको विभाजनमा दुबैतिर दुबै पार्टीका कार्यकर्ता छन्। पार्टी विभाजनपछि प्रचण्ड-नेपाल समूहले आन्दोलन आह्वान गरेपनि आन्दोलनमा उर्जा देखिन्न।

२) नेपाली काँग्रेसमा आन्दोलनका लागि मति मिलेको छैन। रामचन्द्र पौडेल समूहले सरकारले "संघीय लोकतान्त्रिक गणतन्त्र" मास्न लागेको, यसको विरुद्ध आन्दोलन गरि संविधानको रक्षा गर्ने, अनि मात्र चुनाव लड्ने कानूनन् कुरा गरि रहेको छ भने देउवा समूह चुनावका लागि तयारी गर्ने मानसिकतामा छन्। कार्यकर्ताहरुको दबावका कारण आन्दोलनमा जोश जाँगर छैन। शेरबहादुर देउवा र ओलीको आन्तरिक साँठगाँठ रहेका कारण प्रणाली जे भएपनि चुनावलाई उपयोग गरी पहिलो पार्टी बन्ने देउवाको आन्तरिक मनसाय रहेकोले पार्टीभित्रको दुई धारको संघर्षका कारण आन्दोलन शिथिल रुपमा रहेको छ।

३) जनता समाजवादी पार्टी "संघीय लोकतान्त्रिक गणतन्त्र" को संविधान घोषणाको दिनलाई "कालो दिवस" मनाउनेले आज यस संविधानको रक्षा गर्न आन्दोलनमा होमिएको छ। मधेशी जनतालाई वलिदानी आन्दोलन गर्न उक्साई रहेको छ। ओलीलाई हटाएर प्रचण्ड-नेपाललाई वा शेरबहादुर देउवालाई स्थापना गरी च्याँखे थाप्ने मनसायले जसपा आन्दोलित छन्।

४) नागरिक समाज वुद्धिजीबी लगायत समाजका प्रवुद्धवर्ग ओलीको तानाशाही कदम विरुद्ध नैतिकताले आन्दोलनमा उत्रि रहेका छन्। अहिले दैध मन: स्थितिमा रहेका कारण आन्दोलन उर्जावान बनिरहेको छैन। तर समाजको हरेक क्षेत्र ओलीको असंवैधानिक कदम विरुद्ध रहेका कारण विस्तारै आन्दोलन चर्कने सम्भावना देखिन्छ।

शिथिल आन्दोलन न विपक्षको लागि निर्णायक हुन्छ न ओली सरकारको लागि। त्यसैले ओली आफ्नो विरोध गर्नेहरुका लागि आक्रामक भएर आन्दोलनका लागि उक्साइरहेको छ। आन्दोलनले विध्वंशक रुप लिएपछि ओलीले पूर्व निर्धारित संकटकाल घोषणा गरी राजनैतिक कोर्स परिवर्तन गर्ने रणनीति लिएको छ। चर्को आन्दोलन विपक्षलाई फायदा दिनुको साटो ओलीको लागि लाभदायक सिद्ध हुने कुरा देखिन्छ।

पटक पटक अग्रगमनभन्दा पश्चगमनमा देश जानुको कारण राजनीतिमा सक्रिय रुढिवादी सामन्ती प्रवृति हो जो अग्रगमनमा वर्गीय घाटा हेर्छ। पश्चगमनमा शासक र शासकीय प्रवृति लाभान्वित रहने भएकोले शासकवर्गको यो खेल जनतालाई बुझ्न अब कठीन छैन। (मधेश दर्पण फिचर सेवा)





## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर



## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १

# प्रविन बास्तोलाको मृत्यु सम्बन्धी घटनामा प्रहरीले सार्वजनिक गरेको तथ्यगत विवरण

बिराटनगर, फाल्गुण १२ गते । जिल्ला मोरङ उर्लावारी नगगरपालिका वडा नं. ५ बस्ने वर्ष ३१ को प्रविन बस्तोलाको २०७७ पुस ५ गते मृत्यु घटना सम्बन्धी समाजिक संजालमा उठाएको गुनासा सम्वन्धमा प्रहरीले केही तथ्यगत विवरण सार्वजनिक गरेको छ ।

इलाका प्रहरी कार्यालय उर्लावारी मोरङबाट अनुसन्धान कार्य भईरहेको सम्बन्धमा मिति २०७७ फाल्गुण ९ गते मृतकका परीवारजनबाट अनुसन्धानको सम्बन्धमा उठाएका गुनासोहरुको सम्वन्धमा जिल्ला प्रहरी कार्यालय मोरङको गम्भिर ध्यानाकर्षण भएको भन्दै घटनाको तथ्यगत विवरण सार्वजनिक गरेको हो ।

घटना सम्बन्धमा ईलाका प्रहरी कार्यालय उर्लावारी मोरङमा मिति २०७७ पुस ९ गते ज्यान सम्बन्धी कसुरमा कसुर दर्ता किताबमा ६७ दर्ता भएको छ भने मृतकको बुवा प्रेम प्रसाद बस्तोलाबाट कर्तव्य ज्यान सम्बन्धी कसुरमा जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं. ६ बस्ने वर्ष ३१ को राजेश रणपहेली समेत प्रतिवादी कायम गरी मिति २०७७ पुस २२ गते जाहेरी प्राप्त भए पश्चात प्रतिवादीहरुलाई पक्राउ गरी अनुसन्धान कार्य भइरहेकोमा तत्काल शव परिक्षण प्रतिवेदन तथा फोरेनसिक प्रतिवेदन उपलब्ध नभएको कारण साथै प्रतिवादीहरुलाई कानुन बमोजिम २५ दिन थुनामा राखी अनुसन्धान गर्ने अवधी समेत पुरा भएको हुँदा श्री जिल्ला सरकारी वकिल कार्यालय मोरङको निर्देशन बमोजिम मिति २०७७ माघ २ गते जिम्मा जमानिमा उपस्थित हुने गरी प्रतिवादीहरुलाई छोडिएको ।

सो सम्बन्धमा छानविनका लागि जिल्ला प्रहरी कार्यालय मोरङमा कार्यरत प्रहरी नायव उपरीक्षक मान बहादुर राईको संयोजकत्वमा छानविन समिति मिति २०७७ फाल्गुण ९ गते गठन भई अनुसन्धान कार्य भई रहेको छ ।

साथै मृतक प्रविन बस्तोलाको घटना सम्बन्धमा अनुसन्धान कार्यमा घटनाको तथ्यहरुमा तत्विक फरक पर्ने गरी प्रमाण संकलन गरेको र कसुरदारलाई उन्मुक्ति दिने गरी गैह्रव्यवसाहिक अनुसन्धान कार्य गरेको पाईएमा सम्बन्धित अनुसन्धानमा खटिएका प्रहरी कर्मचारीहरुलाई कानुन वमोजिम कारवाही गरिने प्रतिवद्धता जनाएको छ ।

प्रबिन बास्तोलाको मृत्युको सम्बन्धमा गरिएको अनुसन्धान प्रगती विवरण

मिति २०७७ फाल्गुण १२ गते जिल्ला प्रहरी कार्यालय मोरङको सभाहलमा जिल्ला मोरङ उर्लाबारी ५ निवासी मृतक प्रबिन बास्तोलाको मृत्युको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सन्तोष खड्काले पत्रकार सम्मेलन मार्फत मृतकको घटना सम्बन्धमा हालसम्म भएको प्रगती विवरण तथा पछिल्लो घटना क्रममा मिडियामा आएका कुराहरूको बारेमा संचारकर्मी मार्फत जानकारी गराएका छन् ।

प्रहरी नायव उपरीक्षकको कमाण्डमा छानविन टोली गठन गरी थप अनुसन्धान भई रहेको, प्रहरीले मात्र एकतर्फी रूपमा अनुसन्धान नगर्ने भएकोले यस बिषयमा जिल्ला सरकारी वकिल कार्यालयको समन्वय तथा जिल्ला अदालतको आदेश समेत हुने भएको हुँदा प्रहरीले किर्ते गरी कागज बनाउन नसक्ने कुरा बताउनु हुँदै मृतकको परिवार जनलाई प्रहरीसँग समन्वय र सहकार्य गरी अगाडी बढेमा दुवै पक्षलाई सहज हुने कुरा वताएको छ ।

उक्त घटनाको सम्बन्धमा प्रहरीले त्रुटि रहित ढंगबाट अनुसन्धान गर्ने भन्दै सो सम्बन्धमा निम्नानुसार प्रगती भएको विवरण पेश गरेको कछ ।

२०७७ पुस ५ गतेको घटनास्थल, लाश जाँच मुचुल्का र मानिस मरेको भवितब्य ज्यान ब्यहोराको जाहेरी दरखास्त कागजातहरु गरिएको, २०७७ पुस ५ गते मृत लाश पोष्टमार्टमको लागि धरान स्थित बि.पि.कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा पठाईएको, पिडितका मानिसले पोष्टमार्टम रिपोर्ट प्राप्त भए पछि मृतक संग सोही कोठामा संगै बस्ने मेहरमान दर्जि, राजेश रणपहेली, दिपेश पौडेल र सुदिप परियारको बिरुद्धमा किटानी जाहेरी दिने भने पछि निजहरुलाई प्रहरी प्रतिबेदनमा अभद्र ब्यबहार मुद्दा शिर्षकमा पक्राउ गरि अनुसन्धान कार्य जारी रहेको वताएको छ ।

त्यसै गरी २०७७ पुस १९ गते भिषेरा परिक्षणको लागि पुर्व क्षेत्रिय विधि बिज्ञान प्रयोगशाला धरानमा पठाईएको, २०७७ पुस १९ गतेको पोष्टमार्टम पत्रमा मृत्युको कारण भिषेरा रिपोर्ट परिक्षण पछि यकिन हुन सक्ने भन्ने ब्यहोराको पोष्टमार्टम रिपोर्ट प्राप्त भएको, २०७७ पुस २२ गते मेहरमान दर्जि, राजेश रणपहेली, दिपेश पौडेल, सुदिप परियार, घर धनि रमेश गिरी र होटल संचालक कुमार राई समेतको नाममा यि कसुरदारहरुले मादक पदार्थ रक्सीमा बिषालु पदार्थ मिसाई रमेश गिरीको घरको कोठामा लगि कर्तब्य गरी मारेको भनी कर्तब्य ज्यान सम्बन्धि कसुरको जाहेरी प्राप्त गरेको थियो ।

२०७७ पुस २६ गते पक्राउ परेका प्रतिवादीहरुको बयान गराईएको तथा मिति २०७७ पुस २७ गते प्रतिवादीहरु रमेश गिरी र कुमार राईलाई समेत पक्राउ गरिएको, २०७७ पुस२७ गते घटनाको बारेमा थाहा पाउने दुर्गा प्रसाद तामाङको कागज गरिएको, २०७७ पुस २७ गते पक्राउ परेका प्रतिवादी रमेश गिरी र कुमार राईको बयान गराईएको, २०७७ पुस २८ गते रमेश पौदारको कागज गरिएको, २०७७ पुस २९ गते प्रहरी अनुसन्धान प्रतिवेदन सहित मिसिल कागजातहरु सरकारी वकिल कार्यालय मोरङमा पेश गरिएको, २०७७ पुस २९ गते मृत्युको कारण यकिन हुन नसकेको भनि सरकारी वकिल कार्यालय मोरङ बाट निर्देशन प्राप्त २०७७ माघ २ गते निर्देशन सहित पक्राउ परेका प्रतिवादीहरुलाई हाजिरी जिम्मा जमानीमा छाडिदिई थप अनुसन्धान गरी निर्देशन सहित मिसिल फिर्ता पठाईएको हुँदा प्रतिवादीहरुलाई सोही दिन निजहरुलाई माथवर ब्यक्तिको जिम्मा लगाई जिम्मा जमानीमा छाडिएको थियो ।

सो घटना सम्वन्धमा २०७७ माघ ५ गते भिषेरा परिक्षणको रिपोर्टमा नगेटीभ टेष्ट फोर एभव मेन्टोनेड इनसेकटीसाईटस इथली अलकोहल एण्ड फोसफिन गास भनी उल्लेख भई आएको रिपोर्ट, २०७७ माघ ७ गते मृत्युको कारण खूलाई पठाईदिनु भनि भिषेरा रिपोर्ट सहित धरान स्थित बि.पी.कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान सुनसरीमा पठाईएको, २०७७ माघ १२ गतेमा द इनजुरिस आर सजेष्टीभ अफ भ्वालेन्ट एसफसिया दियर फोर काउस अफ डेथ डियू टु स्ट्रेनगुलेशन केन नट वी रुलेड आउट भन्ने ब्यहोराको बि.पि.कोईराला, धरानको फाईनल मृत्युको कारण भनि खुलाई लेखाईएको पत्र, २०७७ फाल्गुन १२ गते मृत्युको कारण खुली आएको बारेमा प्रतिवादीहरु कुमार राई, मेहरमान दर्जि र कुमार राईलाई पुन ततिम्बा बयान गराईएको, २०७७ माघ १५ गते फाईनल मृत्युको कारणको सम्बन्धमा भ्वाइलेन्ट एसफेसिया के के कारणले हुन सक्छ भनि बि.पि कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा पत्र लेखिएको, २०७७ फाल्गुण १८ गते तुलसी दाहाल,उमा बास्तोला र दिपेन्द्र पौडेलले जाहेरी दरखास्तमा उल्लेखित प्रतिबादीहरुले प्रबिन बास्तोलालाई स्वास फेर्न नदिई मुख तथा नाक थुनी कर्तब्य गरी मारेको भनि कागज गरि दिएको छ ॥

त्यसैगरी २०७७ माघ २२ गते भ्वालेन्ट एसफेसिया हुनेकारण एगिङ्ग एसट्रानगुलेशन, ड्रोइङ्ग, कुकिङ्ग, पोजिटनल, एसफेसिया, ट्राउमेटिक एसफेसिया एक्स जी एस ५ भ्वालेन्ट एसफेसिया का बिभिन्नन कारणहरु मध्ये कुनै एउटा कारण बाट मृत्यु भएको भनि यकिनका साथ भन्ने ब्यहोराको बि.पी.कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान सुनसरीको पत्र प्राप्त भई अनुसन्धान कार्य जारी रहेको वताए । २०७७ फाल्गुन ९ गते जिल्ला सरकारी वकिल कार्यालय मोरङमा जाहेरी दरखास्तमा उल्लेखित प्रतिवादिहरुको बिरुद्धमा ज्यान सम्बन्धि कसुरमा राय प्रतिवेदन साथ पठाईएको छ । विवरणहरु प्रहरीले सार्वजनिक गरेको छ ।

## मानव अधिकारको पालना फितलो

हिरालाल साह

बिराटनगर । राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. १ कार्यालय बिराटनगरले कार्यालय परिसरमा सामाजिक न्याय तथा मानवअधिकार अवस्था सम्बन्धि एक दिने छलफल कार्यक्रम मानव अधिकार आयोगका सदस्य निहिर ठाकुरको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा विभिन्न सरोकारवालाहरुले राष्ट्रिय मानवअधिकार आयोगको भुमिकामा कमि आएको, अनुगमन फितलो भएको, अपांगले अधिकार नपाएको, ज्येष्ठ नागरिकले यातायातमा पाउने छुट नपाएको, जिल्ला प्रशासन कार्यालय परिसर भित्रै नागरिकता र पासपोर्ट बनाउन झन्झटिलो प्रक्रिया रहेकाले भ्रष्टाचारी र बिचौलियाहरु मौलाएको आरोप लगाएको छ ।

त्यसैगरी प्रहरीको कार्यालयमा थुनामा रहेको हकमा २४ घण्टा भन्दा बढि, राख्न नपाउने अन्यथा अदालती बन्दोवस्तिमा जानुपर्ने कानुन हुँदा पनि पहुँच अथवा भनसुन नगर्दासम्म १५ दिनसम्म पनि थुनुवामा राख्ने, लकडाउनको

वांकी अन्तिम पेजमा...

## ब्राउन सुगर सहित एक पक्राउ

झापा । झापा दमक नगरपालिका वडा नं. ९ का २५ बर्षीय रोसन दर्जीलाई लागुऔषध ब्राउन सुगर सहित पक्राउ गरिएको छ ।

ईलाका प्रहरी कार्यालय काकडभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर नगरपालिका वडा नं. ६ स्थित मेची पुलमा चेकजाँच गर्ने क्रममा रोसन दर्जीलाई ५ ग्राम लागुऔषध ब्राउन सुगर सहित पक्राउ गरेको हो ।

पक्राउ परेका उपर थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय काकडिभिट्टा झापाले जनाएको छ ।

## न्यू माँ काली सप्लायर्स समुद्घाटन

विराटनगर । नेपाल पत्रकार महासंघ मोरंग शाखाको भुई तल्लामा न्यू माँ काली सप्लायर्सको समुद्घाटन भएको छ ।

सो सप्लायर्सको समुद्घाट प्रमुख अतिथी वडा प्रहरी कार्यालय विराटनगर 'क' का प्रहरी नायब निरीक्षक दिपक कुमार कार्कीले गरेका हुन् ।

उक्त सप्लायर्समा हाडवेयरका समानहरु, फल्स सिलिङ्ग, झ्याल, ढोका, सोफा, पलङ्ग तथा साज सज्जाका थोक तथा खुद्रा समानहरु उपलब्ध हुने कुरा सप्लायर्सका प्रोपराईट दिलिप शर्माले वताए ।

कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १

कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

लेटाङ्ग नगरपालिका मोरंग प्रदेश नं. १




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Maximum care for life

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# नयाँ निशान म्यागनाईट गाडीको मूल्य सार्वजनिक गर्दै बुकिङ खुल्ला

विराटनगर । पायोनियर मोटो कर्प प्रा.लि विराटनगरले एक कार्यक्रमको बीच नयाँ निशान म्यागनाईटको मूल्य सार्वजनिक गर्दै बुकिङ खुल्ला गरेको छ ।

निशान म्यागनाईट गाडीको समुद्घाटन प्रमुख अतिथी विराटनगर महानगर पालिकाका मेयर भीम पराजुलीले गरेका थिए ।

नेपाली ग्राहकहरुले विराटनगर मा रहेको सो रुमबाट बुकिङ गर्न सकिने भएको छ । नेपाली बजारमा बिग, बोल्ड, ब्यूटिफुल र अथि आकर्षक गाडी निशान म्यागनाईटको मूल्य २९ लाख ४९ हजार रहेको छ ।

निशान मोटर भारतका अध्यक्ष तथा दक्षिण एशिया बजारका इन्चार्ज सिनन ओजकोकका अनुसार म्याग्नाइटले निशान नेक्सट को नेपाली र विश्व बजारका लागि तय गरिएको रणनीतिमा नयाँ अध्यायको सुरुवात गरेको छ ।




मेक इन इन्डिया, मेक फोर द वर्ल्ड को दर्शनमा निर्मित, नर्या निशान म्याग्नाइटमा २० भन्दा बढी प्रथम श्रेणी र बेस्ट इन सेगमेन्टका सुविधाहरु रहेका छन् । जसले उपभोक्तहरुलाई नविनतम रुपमा आधिकारिकता अनुभव गर्ने अवसर प्रदान गर्ने छ ।

समृद्ध अनुभव प्रदान गर्ने निरन्तर अन्वेषणमा लागि पर्ने निशानको मान्यता अनुसार नै यो गाडि निशानका प्रख्यात क्रुज कन्ट्रोल र ३६० डिग्री भ्यू जस्ता अन्य प्रविधिहरुलाई समावेश गरिएको छ । म्याग्नाईटका हरेक मोडलहरु प्रयोगकर्ताको आकांक्ष पुरा गर्ने ध्ययका साथ डिजाईन गरिएको छ ।

नयाँ निशान म्याग्नाइटको लन्च निशानको लामो ग्राहक केन्द्रित यात्रामा एउटा अवस्परणीय कोषे ढुंगाका काम गर्ने छ । ग्राहकहरुको आकांक्षा र उच्च प्रविधिको समायोजन भएको म्यागनाईटले पक्कै पनि नेपाी मजारमा गेम चेन्जरको भूमिका निर्वाह गर्नेमा विश्वस्त रहेको पायोनियर मोटो कर्प प्रा.लि विराटनगरका शाखा प्रमुख अमित अग्रवालले वताए ।

सो अवसरमा मोरंग व्यापार संघका अध्यक्ष प्रकाश मुन्दडा, उद्योग संगठन मोरंगको अध्यक्ष भीम घिमिरे र पवन सारडाको उपस्थिति रहेको थियो ।

# दुई थुनुवा अदालतबाटै फरार

विराटनगर । लागुऔषधका दुई जना थुनुवाहरु नास्ता खाने बहाना बनाएर जिल्ला अदालत मोरङको परिसरमा रहेको नास्ता खानेपसलबाट फरार भएका छन् ।

फरार भएकाहरुमा मोरङको कटहरी गाउँपालिका वडा नं. ४ का ३७ वर्षीय मुराज भनिने मनराज शेख र झापाको बिर्तामोड नगरपालिका वडा नं. ५ का २० वर्षीय प्रकाश चौधरी फरार भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी मानबहादुर राईले बताएको छ ।

लागुऔषध मुद्दामा म्याद थप गर्न अदालत लगिएका दुवै जना पाँच दिनको म्याद थप भइसकेपछि फरार बनेका हुन् । म्याद थप गर्न लिएर गएको प्रहरी टोलीको आँखा छल्दै उनीहरु भागेका हुन् ।

सबैतिर खोजी गर्दा पनि फेला नपरेपछि मात्रै म्याद थप्न लिएर गएको प्रहरी टोलीले घटनाका बारेमा जिल्ला प्रहरी कार्यालय मोरङलाई जानकारी दिएको थियो । खोजी थालिएको भए पनि फरार भएकाहरु पक्राउ परेका छैनन् ।

भारततिर भागेको हुनसक्ने प्रहरीको आशंको छ । सबैतिर नाका सिल गर्दै विभिन्न प्रहरी कार्यालयलाई जानकारी गराएर भागेका थुनुवाको खोजी तीव्र पारिएको डीएसपी राईले जानकारी गराएको छ ।

शेख लागुऔषध ब्राउन सुगरसहित कटहरीबाट र अन्य प्रकृतिका लागुऔषधसहित चौधरी विराटनगर को बरगाछीबाट आइतबार पक्राउ गरिएको थियो । अदालतले म्याद थप गर्दै अनुसन्धानका लागि अनुमति दिइसकेपछि फर्काएर प्रहरी कार्यालय ल्याउने तयारी हुँदै गर्दा झुक्याएर दुवै जना फरार भएको थियो ।

म्याद थप भएपछि उनीहरुले चियानास्ता गर्ने बहाना बनाएका थिए । त्यसपछि अदालत परिषरमै रहेको क्यान्टिनमा प्रहरीले उनीहरुलाई पुर्याएको थियो । नास्ता खाइरहेका उनीहरु केही बेरमा हेर्दा त्यहीँबाट फरार भइसकेको थियो । दुई जनामध्ये एक जनालाई खुला छाडिएको थियो भने अर्का थुनुवा हातमा झुन्डिएको हतकडी लिएरै भागेका छन् । थुनुवालाई क्यान्टिनमा खाजा खाने व्यवस्था गरे पनि निगरानी नगर्दा प्रहरीकै लापरबाहीका कारण दुवै जना थुनुवा भागेको थियो ।

गम्भीर प्रकृतिको घटनाका थुनुवा भाग्नुलाई प्रहरीको लापरबाहीका रुपमा लिएर अनुसन्धान थालिएको डीएसपी राईले जानकारी दिएको छ । म्याद थप गर्नका लागि थुनुवा लिएर जाने र लापरबाही गर्ने केही प्रहरीलाई नियन्त्रणमा लिएर घटनाको सोधपुछ तथा छानबिन थालिएका कारण सबै वास्तविकता पछि सार्वजनिक गरिने भएको छ ।

# जनता समाजवादी विधीवत रूपमा समायोजन

हिरालाल साह

विराटनगर । संघिय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी बीच धरै रस्साकस्सी पछि मोरंगमा विधिवत रुपमा समायोजन भएको छ ।

जनता समाजवादी पार्टी मोरंगले समायोजन घोषणा तथा सपथ ग्रहण कार्यक्रमको आयोजनागरी जनता समाजबादी पार्टी नेपालको मोरङ जिल्ला समन्वय समितिको अध्यक्षमा राज कुमार यादव चयन भएको छ ।

पार्टी समायोजन निर्देशिका २०७७ को १.५ र २०७७ र १० र १९ को समायोजन परिपत्र ४ अनुसार यादव अध्यक्षमा निर्वाचित भएका छन् ।

समायोजन निर्देशिका २०७७ को ३.१ को (क) अनुसार तथा विधानको धारा ४४ अनुसार सर्वसम्मतिले समायोजन टुंगिएको जसपा नेपालका केन्द्रीय कार्यकारिणी समिति सदस्य युवराज कार्कीले वताए ।




समायोजन प्रक्रियामा २५ सदस्यीय जिल्ला कार्यकारिणी समिति तथा २ सय १ जिल्ला समिति गठन गरिएको छ । त्यसमध्ये पुर्व संघिय समाजवादी पार्टी बाट अध्यक्ष सहित १३जना र पुर्व जनता पार्टी बाट १२ जना गरी २५ जनाको कार्यकारिणी समितिका घोषणा गरेको छ । जसमा ७ जना राजपाको नाम समायोजन गर्न वाँकी छ ।

कार्यकारण समिति र सदस्यहरु लाई नेपालका केन्द्रीय कार्यकारिणी समिति सदस्य युवराज कार्कीले सपथ ग्रहण गराई फूलमाला लगाएका थिए ।

समायोजन प्रक्रियामा जनता पार्टीका एक घटक मो. कादिर पक्ष अनुपस्थित रहेका थिए । जनता पार्टीको तर्फबाट मोरङ जिल्ला समन्वय समितिका अध्यक्ष समेत रहेका मो.कादिरले समायोजन एक पक्षिय रहेकोले हाम्रो असहमति रहेको बताएका छन् । वहांका अनुसार समायोजन कार्यदल तीन पटक पहिले बसेपनि सहमति भएको थिएन । सहमति नभएपछि हामीले तात्कालिक विवाद टुङ्ग्याउन केन्द्रमा सिफारिस गर्नेकुरा भएको थियो तर एक पक्षिय ढंगबाट सहमति विपरीत समिति बनेकोमा आपत्ति जनाएका छन् ।

समायोजन प्रक्रियालाई टुंगो लगाउन युवराज कार्कीको संयोजकत्वमा ८ सदस्यीय समायोजन समिति गठन गरिएको थियो ।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १

## कर तिरौं, राजश्व बढाऔं

**कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौ देशको राजश्व बढाऔ । स्थायी लेखा नम्बर लिनुहोस् ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौ हिसाबमा भर हचुवामै नतिरौ कर । कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी बनौ । सामान किनौ गतिलो ठानेर बिल मागौ अधिकार ठानेर ।**

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर

